# *लङ्गडाको साथी* उपन्यासमा सीमान्तीयता

**निर्मला ढकाल, विद्यावारिधि शोधार्थी, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय**

Email : nirmaladhakal165@gmail.com

**सार**

प्रस्तुत लेख लङ्गडाको साथी उपन्यासमा सीमान्तीयताको अध्ययन र विश्लेषणमा केन्द्रित रहेको छ । यस लेखमा लङ्गडाको साथी उपन्यासमा सामाजिक संरचनागत सीमान्तीयताको विश्लेषण गरिएको छ । गुणात्मक अनुसन्धान पद्धति र पाठमा प्रस्तुत विषयका आधारमा सीमान्तीयताको खोजी र विश्लेषण गरिने यस लेखको स्वरूप विषयवस्तुमा केन्द्रित विश्लेषण विधिमा आधारित रहेको छ । सीमान्तीयता मार्क्सवादले प्रतिबिम्बन गर्न नसकेको सांस्कृतिक सन्दर्भका आधारमा निर्मिति अध्ययनपद्धति हो । यसमा इतिहासलेखनमा भएका पारस्मरिक पद्धतिका विपरीत समाजका इतिहासविहीनको इतिहासलाई पनि मूलधारमा ल्याइनुपर्छ भन्ने मान्यता स्थापित छ । समाजमा निम्नवर्गीय जीवन व्यतित गरी उपेक्षित र अस्तित्वविहीन जीवन बाँच्ने लङ्गडाको जीवनवृत्त र उसले बाँचेको जीवनको विभेदकारी अवस्थाको चित्रण गरिएको लङ्गडाको सागी उपन्यास कथ्यविषय र पात्रगत रूपमा सीमान्तीय विषय नै केन्द्रीय वस्तुका रूपमा चयन र प्रयोग गरी लेखिएको कृति हो । यस उपन्यासमा वर्गींग रूपमा पहिचानविहीन जीवन व्यतित गर्ने पात्रको पहिचानविहीनताको अभिव्यञ्जना भएको छ । यस लेखमा समाजमा आफ्नै वर्गबाट समेत दमनमा परेको लङ्गडा वर्गीय, जातीय र लिङ्गीय रूपमै विभेद र वत्तिचतीकरणमा परी सीमान्तीय भूमिकामा रहेको विषयमा विमर्श गरिएको छ ।

*प्रमुख शब्दावली* : वर्गीय, जातीय, लैङ्गिक, सीमान्त

Article's information : Manuscript received 2024/09/10, Date of review : 2024/12/28, Date of manuscript acceptance 2025/02/15 Publisher : Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar

DOI : https://doi.org/ 10.3126/medha.v7i2.76040

Homepage : https://www.nepjol.info/index.php/medha/index/ Copy right (c) 2024 Medha Journal

This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

प्रस्तुत लेख *लङ्गडाको साथी* (२००८) उपन्यासको सीमान्तीय अध्ययन, विश्लेषण र संश्लेषणसँग सम्बन्धित समस्यामा आधारित छ । प्रस्तुत उपन्यास लैनसिंह वाङ्देलद्वारा लेखिएको तथा प्रबासी नेपाली जनजीवन र जनजीविकामा आधाररित रहेको छ । नेपाली उपन्यासको आधुनिक कालीन सन्दर्भसँग सम्बन्धित वाङ्देलका *मुलुक बाहिर* (२००४), *माइतघर* (२००५), *लङ्गडाको साथी* (२००८) र *रेम्ब्रान्ट* (२००८) उपन्यास प्रकाशित रहेका छन् । नेपाली उपन्यासमा यथार्थवादको प्रणयन गर्ने वाङ्देलका कृतिमा प्रबासी नेपाली जीवनको यथार्थको प्रतिबिम्ब प्रस्तुत भएको छ । यिनका उपन्यासका नेपाली समाजमा विद्यमान विषम आर्थिक परिवेशका कारण जीविकाका लागि प्रबासिनु गर्ने अवस्था तथा जीवनको व्यवस्थित पक्ष असुरक्षित रहेका पक्षको कलात्मक प्रस्तुति भएको छ । नेपाली भूगोललाई परिहार गरी प्रबासलाई कर्मक्षेत्र बनाउने व्यक्ति र समूहको जीवनचित्रलाई उपन्यासको विषयवस्तु चयन गरी आख्यानीकरण गर्ने वाङ्देलका उपन्यासमा समाजका निम्नवर्गीय पात्र तथा तिनले प्रतिनिधित्व गरेको किनारीकृत जीवनको प्रस्तुति भएको छ । वाङ्देलका

कृति सीमान्तीय पात्र, विषय र जीवनचेतनाको प्रस्तुतिका दृष्टिले अध्ययनीय रहेका छन् भने *लङ्गडाको साथी* उपन्यास समाजमा उपेक्षित जीवन बाँच्ने प्रबासी नेपालीको जीवनमा आधारित रहेको छ ।

सीमान्तीयता सांस्कृतिक अध्ययनमा उत्तरआधुनिकतावादी अध्ययन पद्धति हो । मार्क्सवादको सांस्कृतिक पक्षसम्बन्धी केन्द्रीकृत अवधारणामा विद्यमान वर्ग समूहमै जाति, लिङ्ग, क्षेत्रीय, भाषिक, भौगोलिकजस्ता विषय स्वतः समावेश भई किनारीकृत समूहको प्रतिनिधित्व गर्ने अवधारणाका विपरीत सांस्कृतिक रूपमा यी भिन्न पहिचानसँग सम्बन्धित विषय हुन् भन्ने इटालेली मार्क्सवादी चिन्तक एन्टोनियो ग्राम्सीको 'सबाल्टर्न' सम्बन्धी अवधारणासँगै समाजका किनारामा रहेका सबै उपवर्ग, जाति, लिङ्ग, भूगोल, भाषा, स्थानीय संस्कृति पनि मूलधारमा जोठिनुपर्छ भन्ने इतिहास चेतनासँगै यस विषयको अध्ययन अनुशासनका रूपमा विकास भएको हो । सीमान्तीयतामा समाजमा अप्रतिनिधित्वका कारण इतिहासविहीन बनेका सत्तार र सत्ताको विचारधाराभन्दा भिन्न रहेका समूहको सांस्कृतिक प्रतिनिधित्व, पहिचान र तिनको सत्तासँगको सम्बन्धका विविध पक्षको अध्ययन गरिन्छ । वाङ्देलको *लङ्गडाको साथी* उपन्यासको विषयवस्तु र पात्र पहिचानविहीन अप्रतिनिधित्व तथा समाजिक निर्मितिमा सत्ताभन्दा पर किनारामा अवस्थित रहेका छन् । सामाजिक रूपमा बाँच्नुसम्मको आधारभूत विषयबाट वञ्चित पात्रसँग सम्बन्धित विषय र उसको अवस्थाको चित्रण गरिएको यस उपन्यासमा सांस्कृतिक रूपमा उपेक्षित पात्र र उसको जीवनको चित्रण भएको छ । सामाजिक निर्मितिमा स्थानशून्य पात्रका विषयलाई सांस्कृतिक रूपमा विचारधारासँग जोड्ने यो कृति सीमान्तीयताको सैद्धान्तिक आधार र अवधारणाका आधारमा अध्ययनीय रहेको छ ।

**समस्याकथन**

प्रस्तुत लेखको प्रमुख समस्या भन्नु नै *लङ्गडाको साथी* उपन्यासमा सीमान्तीयताको विश्लेषण तथा त्यसका आधारमा कृतिगत मूल्य सीमान्तीय रहेको विषयको संश्लेषण हो । यस लेखमा *लङ्गडाको साथी* उपन्यासमा विद्यमान वर्गीय, जातीय र लिङ्गीय सीमान्तीयताका आधारमा नेपाली भूगोल बाहिरको नेपाली समाजमा सांस्कृतिक प्रतिनिधित्वको विश्लेषण गरिएको छ । यस लेखको पूर्णताका लागि निम्नलिखितअनुसारको शोध्यप्रश्न निर्माण गरिएको छ :

(क) *लङ्गडाको साथी* उपन्यासका वर्गीय सीमान्तीयता के–कस्तो छ ?
(ख) *लङ्गडाको साथी* उपन्यासका जातीय सीमान्तीयता कसरी छ ?
(ग) *लङ्गडाको साथी* उपन्यासका लिङ्गीय सीमान्तीयता किन छ ?

आधुनिक नेपाली उपन्यास परम्परामा यस उसन्यासमा प्रबासी नेपाली जनजीवन र जीविकाको प्रस्तुतीकरण समाजबाट उपेक्षित पात्रका माध्यमबाट गरिएको *लङ्गडाको साथी* सीमान्तीय विषय, पात्र, परिवेश र सांस्कृतिको अभिव्यञ्जना भएको कृति हो । यस उपन्यासमा प्रबासी नेपालीको जीवनचित्रका माध्यमबाट पहिचानविहीन भएका नेपाल बाहिरको नेपाली समाजमा अपरीचयीकरण बनेका नेपाली वर्गीय, जातीय र लिङ्गीय रूपमा कसरी किनारीकृत तुल्याइएका छन् भन्ने पक्षको यथार्थ प्रतिबिम्ब प्रस्तुत भएको छ । यस लेखमा *लङ्गडाको साथी* उपन्यासमा वर्गीयता, जातीयता र लिङ्गीयताका आधारमाखसीमान्तीय तुल्याइएको विषयको विश्लेषण गरिने भएकाले तत्विषयक अध्ययन गर्न चाहने अध्येताका लागि पूरक सामग्री रहने हुँदा यसको औचित्यको पनि पुष्टि हुन्छ ।

**शोधविधि**

प्रस्तुत *लङ्गडाको साथी* उपन्यासमा सीमान्तीयताको अध्ययन गर्नका लागि पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । आवश्यक सामग्री सङ्कलन मुख्यतः प्राथमिक र द्वितीयक स्रोतबाट नै गरिएको छ । प्राथमिक

स्रोतअन्तर्गत मुख्यतः बाङ्देलद्वारा लिखित *लङ्गडाको साथी* उपन्यास रहेको छ भने द्वितीयक स्रोतअन्तर्गत यस उपन्यासका बारेमा लेखिएका विभिन्न लेख, समालोचना ग्रन्थ तथा पुस्तक आदि रहेका छन् । प्रस्तुत कथामा सीमान्तीयता अध्ययन गर्नाका लागि सबाल्टर्न सिद्धान्तले अघि सारेको आधारभूत अवधारणाहरूलाई आधार बनाइएको छ ।  साथै प्रस्तुत सिद्धान्त निर्माणका लागि आवश्यक सामग्री पनि द्वितीयक स्रोतबाट नै लिइएको छ ।  यस क्रममा आवश्यकताअनुसार वर्णनात्मक, व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको पनि प्रयोग गरिएको छ ।

**सौद्धान्तिक पर्याधार**

सीमान्तीयताको अङ्ग्रेजी रूपान्तरण सबाल्टर्न हो । सीमान्तीयता सांस्कृतिक अध्ययन गर्ने एउटा महत्त्वपूर्ण आधार हो । यो उत्तरआधुनिकतावादी बहुलताभित्र फस्टाउँदै गएको एक नवीन चिन्तन हो । मानव समाज परापूर्वकालदेखि नै शक्तिशाली र कमजोर गरी दुई वर्गमा विभाजित भई तिनै दुई वर्गका बीचको प्रत्यक्ष वा परोक्ष सङ्घर्षबाट विकसित हुँदै आजको सभ्यतामा आइपुगेको छ । सबाल्टर्न अध्ययन पदावलीको प्रथम प्रयोग इटालेली चिन्तक आन्तोनियो ग्राम्सीले गरेका हुन् । उनले यस शब्दको प्रयोग समाजका उत्पीडित वर्गको पहिचानका तात्पर्यमा मार्क्सवादी मान्यतामा आधारित भएर गरेका थिए (मान्नाथुकारेन, सन् २०२२, पृ.२३) । सीमान्तीयता इतिहास लेखनका क्रममा शासककेन्द्री पद्धतिको प्रतिक्रियास्वरूप स्थापित मान्यता हो । सबाल्टर्न शब्दको प्रयोग सत्ताको अवधारणाका आधारमा दमित वर्गको तात्पर्यमा भएको हो भने विस्तारै यसलाई गरिब, दलित, दमित, उपेक्षित,र अपमानित वर्गका रूपमा लिन थालियो (पाण्डेय, २००६) । समाज विकासका क्रममा सत्ताको स्थापनासँग आवाजविहीन तुल्याइने सत्ताइतरका वर्ग, जाति, लिङ्गलगायत किनारीकृत समूहको प्रतिनिधित्व र तिनको इतिहास लेखिनुपर्छ भन्ने अवधारणा नै सीमान्तीय अध्ययनको प्रमुख पक्ष हो । अधीनस्थ समूहले दमनकारी समूहसँगको दोहोरो सम्बन्धको बोध गर्न नसक्ने हुँदा यो सदैव शासक वर्गको क्रियाकलापको विषय बन्छ र त्यो विषय चाहे विद्रोहको होस् वा उनीहरूको समूहको विकासको होस् (गुहा, सन् १९९७, पृ. हखष्) । सीमान्तीय अध्ययनमा शासक र सत्ता निरपेक्ष इतिहासलेखको आवाज उठाइन्छ । सबाल्टर्न अध्ययन सामान्य रूपमा सत्ता वा शासक वर्गद्वारा हेपिएका र दबाइएकाहरूको अध्ययन हो तापनि यसमा दमितहरूको सत्ताप्रतिको निष्ठा वा समर्पण मात्र नभएर प्रतिरोधसहितको अवस्थामा आवाजहीनहरू पनि राजनीतिमा आफ्नो स्थान खोजिरहेका हुन्छन् । (लौवर्स, सुदेनजोकी र बेयेन, सन् २००२, पृ. ४) । सत्ता, शक्ति र विचारधाराका नाममा उपेक्षित गरिएका समूह सीमान्तीय समूह हुन् भने यिनको सांस्कृतिक प्रतिनिधित्वको अध्ययन सीमान्तीयतामा गरिन्छ ।

सीमान्तीयता इतिहासविहीन मानव समाजलाई मूलधारमा जोड्ने अध्ययन पद्धति हो । सीमान्तीय समूहअन्तर्गत सत्ताभन्दा बाहिर पारिएकासमुह, समुदाय, वर्ग, व्यक्ति, जातिविशेष, लिङ्गविशेष, भूगोलविशेष क्षेत्रविशेष र राष्ट्रविशेषको पनि प्रतिनिधित्व हुनेगर्दछ । सीमान्तीय अध्ययन भनेको समाज, समाज विकासको ऐतिहासिकता, उत्पीडित वर्ग र उसको मुक्तिका बारेमा अध्ययन, विश्लेषण र संश्लेषण गर्ने अर्थसित जोडिएको सन्दर्भ हो (बराल, २०७३, पृ. १७२) । सीमान्तीयतालाई शाव्दिक रूपमा पहिचानविहीन इतिहासको अन्त्य गरी सबैलाई समावेशी तुल्याई किनारमा रहेकाहरूलाई मूलधारमा ल्याउने अध्ययनपद्धतिको स्थान प्राप्त छ । समाजमा एक वर्गीय रूपमा दमक वर्गले दमन गर्ने क्रममा लिङ्गीय, जातीय र राष्ट्रिय विषयहरूमा आफू अनुकूल धार्मिक, सांस्कृतिक नियमहरूको निर्माण गर्ने र एकपक्षीय सत्तालाई बलियो बनाउने काम गरेको हुन्छ भन्ने कुरालाई ग्राम्चीले प्रभुत्वसम्बन्धी मान्यतामा अघि सारेका छन् (भट्टराई, २०७०, पृ. ३४४) । केन्द्रमा रहेको शक्तिले किनारामा रहेको शक्तिमाथि प्रभुत्व जमाउँदा उदीयमान शक्तिले पनि आफ्नै किसिमको प्रभुत्वको निर्माण समाजमा किनारामा रहेका समूहमाथि विचारधारात्मक दमन र वर्चस्वको स्थापना गर्दछ ।

सीमान्तीयता  मार्क्सवादी अध्ययनका समानान्तरमा र त्यसका विकल्पका रूपमा मार्क्सवादले महत्त्व दिएका र अध्ययनको विषय बनाइएका दमित, दलित, उत्पीडित, शासित वर्ग र समुदायकै बारेमा अध्ययन गर्ने इतिहासमा तिनको स्थान र मूल्य खोज्ने अभिप्राय बोकेर अगाडि बढेको छ । सबाल्टर्न वर्गको अध्ययन वर्ग, लिङ्ग, जातिका आधारसँगै जीवनका हरेक कोणबाट गर्न सकिन्छ । पितृसत्ताले केन्द्रमा रहेको पुरूष अनुकूलको विधि, नीति र व्यवस्थाको निर्माण हुने हुनाले पुरूष पूर्ण, क्रियाशील, आँटी, शक्तिसम्पन्न, विवेशील, सिर्जनशील प्राणीका रूपमा परिचित हुन्छ भने नारीलाई अपूर्ण, कमजोर, भिरू, पराश्रित, विवेकहीन, कायर भावुक अवला प्राणीका रूपमा चिनाइएको छ (सुब्बा, सन् २०११, पृ. १२) सबाल्टर्न अध्ययन जातिका आधारमा पनि गर्नसकिन्छ । बहुसङ्ख्यक र शक्तिसम्पन्न जातिले अल्पसङ्ख्यक कमजोर जातिलाई अपमान गर्ने, दबाउने, अधीनस्थ गर्ने  र किनारामा पुऱ्याउने गर्छ (सुब्बा, सन् २०११, पृ. १४) सीमान्तीयतामा शक्तिसम्पन्न अभिजात वर्गसँग कमजोर निम्न वर्ग सँधै प्रताडित भएको हुन्छ, दबिएको र दबाइएको हुन्छ, किनाराको किनारामै रहेको हुन्छ । यस्ता किनारामा पुऱ्याइएका सबै वर्ग, लिङ्ग र जातिको आवाजलाई खोजी गरिन्छ । सीमान्तीकृत समुदायले भाषाका माध्यमबाट आफ्नो प्रतिनिधित्व आफैं गर्छन् भन्ने मान्यता उत्तरसंरचनावादी मिसेल फुकोको रहेको छ भने यस सम्बन्धमा गायत्री चक्रवर्ती स्पिभाकको विचार फुकोको भन्दा भिन्न रहेको दृष्टिकोण सञ्जीव उप्रेतीले प्रस्तुत गरेका छन् । उनका अनुसार उनले सीमान्तीकृत वर्ग आफ्ना बारेमा बोल्न सक्दैनन् र बोले पनि उनीहरूको आवाज प्रभावकारी बन्न सक्दैन । त्यसैले उनीहरूको प्रतिनिधित्व गर्ने बौद्धिक वर्ग उनीहरूको संवेदनामा सचेत हुनुपर्छ (उप्रेती, २०६९, पृ.२८२—८३) । स्पिभाकले शक्ति र प्रतिनिधित्वको मुद्दालाई नारीवादसँग जोडेर सबाल्टर्न अध्ययन गरेकी छन् । सबाल्टर्न अध्ययनमा पितृसत्ताको उत्पीडनबाट उत्पीडित वर्गले आफूमाथि भएको उत्पीडनका विरूद्ध कसरी विद्रोह गरेका छन् भन्ने कुराको अध्ययन पनि गरिन्छ । साहित्यमा अभिव्यक्त सीमान्तीयतालाई वर्गीयता, जातीयता र लिङ्गीय प्रतिनिधित्वका आधारमा हेर्न सकिन्छ । प्रस्तुत *लङ्गडाको साथी* उपन्यासमा प्रस्तुत सीमान्तीय विषयको विश्लेषण तलका उपशीर्षकमा गरिएको छ ।

## सामग्री विश्लेषण : प्राप्ति र छलफल

प्रस्तुत *लङ्गडाको साथी* नेपालबाहिरको नेपाली बहुल समाजका रूपमा परिचित दार्जीलिङ् सहरको पर्यावरणमा दीनहीन जीवन निर्वाह गरी मृत्युवरण गर्ने अपाङ्ग भिखारीको जीवनको उत्तरार्द्ध पक्षसँग सम्बन्धित विषयमा केन्द्रित रही लेखिएको उपन्यास हो । अशिक्षित, गरिब, निमुखा तथा आर्थिक रूपमा परनिर्भर रही जीवनयापन गर्ने, आफ्ना सबल शारीरिक अङ्ग गुमाई अपाङ्गको जीवन निर्वाह गर्न बाध्य निम्नवर्गीय आर्थिक अवस्था अझ भनौं मागेर जीवन निर्वाह गर्न विवश लङ्गडाको उत्तरार्द्ध अर्थात् ऊ लङ्गडा भइसकेपछि उसले बाँचेको कष्टकर जीवनवृत्तको चित्रण उपन्यासमा भएको छ । दार्जीलिङ् सहरको मनोहर वातावरणमा बसोबास गर्ने मानव समाजमा लङ्गडाको आगमन र जीवनयात्रामा उसले भोगेका कठिनाई, समाजबाट उसले पाएको अधिकतर तिरस्कार र आंशिक सहानुभूति समेटिएका घटनाक्रमको पेरिफेरिमा उपन्यासको संरचना भएको छ । अध्यात्मप्रणित आदर्शबाट प्रभावित रहेको नेपाली सामाजिक संरचनामा दीनदुःखीलाई सहयोग गरी बाँच्नका लागि आधार प्रदान गर्ने उदार चरित्र तथा समाजकै दोस्रो वर्गमा पाइने तिरस्कार, हिंसा, यातना र उत्पीडनको स्वाभावका कारण जीवनको अस्तित्व नै गुमाउनु पर्नेसम्मका घटनाको आख्यानीकरण उपन्यासमा भएको छ ।

प्रस्तुत उपन्यास सडक छेउको आममानिसको दृष्टिभन्दा परको उपेक्षित सत्तलमा रात बिताउने लङ्गडाले दिनभर मागेर कसैले दिएको खाना र कसैले दिएको पैसाको सहारा पाएको तर मानवीय सहयोगका बाबजूद् मान्छेलाई साथीका रूपमा अङ्गीकार गर्नुपर्ने बाध्यताले समाजमा निम्नवर्गीय मानिस कसरी मानवोचित् व्यवहारबाट अलग भई समाजमा एक्लिएको छ एवं समाजका निर्धा निमुखा र अपाङ्गहरू कसरी समाजबाट बहिस्कृत गरिन्छन् भन्ने यथार्थको प्रभावकारी चित्रण उपन्यासमा

भएको छ । समाजबाट उपेक्षित समूदायले पाउने हिंसा र किनारीकृत गर्ने प्रवृत्तिका साथसाथै ती किनारीकृतको जीवन अस्तित्वमाथि नै प्रहार गरी मरणासन्न बनाउने मात्र नभई मर्न विवश तुल्याउने सम्मका घटनाक्रमले समाजमा असक्त, र सामथ्र्यहीन वर्गको उपस्थितिलाई त्यज्य ठानी उपेक्षा गर्नुका साथै बुर्जुवा समाजमा रूपान्तरित भएको समाजमा उचचवर्गीयहरूको बोलवालाका कारण गैरन्यायिक ढङ्गले अल्पसङ्ख्यकको मृत्युलाई सामान्य घटनाका रूपमा परिभाषित गर्दछ भन्ने मुख्य घटनाशृङ्खला उपन्यासमा आएका छन् ।

प्रस्तुत उपन्यासले समाजमा पुँजीवादी व्यवस्थाले सिर्जना गरेको जड यान्त्रिकताका कारण वर्गीय रूपमा असमान रहेका समूह दमन र विभेदका कारण पलायनउन्मुख भएको विषयलाई प्रस्तुत गरेको छ । यसप्रकार समाजले कसरी असहाय र निमुखामाथि भएका अन्यायका शृङ्खलालाई सामान्य रूपमा लिई तिनको जीवन सन्दर्भलाई अस्तित्वहीन ठान्दछन् तथा कसरी एउटा मानछेको मृत्युको घटना क्षणभरमै मानव मस्तिष्कबाट विलीन हुन्छ भनने अनुत्तरित प्रश्नको गर्भमा उपन्यासको आख्यान सन्दर्भले विश्राम लिएको छ । नेपाली समाजभन्दा बाहिर रहेको सामाजिक संरचनामा पूर्णतः शारीरिक अपाङ्गता भएको व्यक्ति र उसले बाँच्न र आफ्नो अस्तित्व स्थापित गर्नका लागि गरेको सङ्घर्षलाई आख्यानीकरण गर्ने *लङ्गडाको साथी* उपन्यासको सामाजिक संरचनागत सीमान्तीयताको विश्लेषण तलका सन्दर्भमा भएको छ ।

### *लङ्गडाको साथी* उपन्यासमा वर्गीयता

समाजको सीमान्तीय चरित्रका रूपमा लङ्गडा उपन्यासको प्रमुख पात्रका रूपमा चित्रित रहेको छ । उपन्यासकारले ऊ किन लङ्गडो भयो ? भन्ने कारण परिलाउनुको साटो पुँजीवादी/सामन्तवादी सामाजिक संरचना र राजनीतिक व्यवस्थामा जटिल र संघषपूर्ण जीवन व्यतित गर्न बाध्य निमुखा चरित्र र उसको जीवन जीउने एषणा र वुभुक्षाबाट प्रेरित संघर्षको यथार्थ पक्षलाई प्रभावकारी रूप दिएका छन् । उपन्यासमा कहीं तृतीयपुरूष ऊ र लंगडाका रूपमा सम्बोधित पात्र कारूणिक, दयनीय र परनिर्भर त छँदैछ यसका अतिरिक्त सामाजिक एवं वैयक्तिक रूपमा समाज र समूदायबाट तिरस्कृत रही जीवन निर्वाह गर्ने सीमान्त वर्गको चरित्र हो । जिजीविषाका दृष्टिले लङ्गडाको जीवनको समग्र उपस्थितिलाई शून्य बराबर मूल्याङ्कन गर्ने पर्याप्त आधार रहे पनि पुँजीवादी/सामन्तवादी समाज व्यवस्थाको असन्तुलित तथा हृदयहीन परिदृश्यलाई परिलाउनका लागि उसको भूमिका पर्याप्त छ । यन्त्रवत् रहेको असमान सामाजिक संरचनामा निर्धा, निमुखा, गरिब, असहाय र अपाङ्ग आदिको वास्तविक जीवन के कस्तो विषम परिस्थितिबाट गुज्रिरहेको छ र कसरी व्यतित हुन्छ भन्ने सन्दर्भलाई सहज रूपमा परिभाषित र पुष्टि गर्न उपन्यास सफल छ ।

समाजका प्रभुत्वशाली सबलाङ्ग/साङ्ग र धनीमानी उच्चवर्गीय सामाजिक संरचनामा मागेर जीवन निर्वाह गर्ने अनेकौं पात्रका बीचमा लङ्गडाले स्थान पाउनुका पछाडि समाजमा सीमान्तीय वर्गभित्र पनि विभिन्न उपवर्गको समन्वयबाट समाजको असमान संरचना निर्मित रहेको प्रष्ट हुन्छ । समाजका प्रभुत्वशाली वर्गका रूपमा स्थापित रहेका साङ्ग/सबलाङ्ग वर्गको नियमित दबाबमूलक उपेक्षा, हिंसा, घात र उत्पीडनका अतिरिक्त न्यून सङ्ख्याका सहयोगीहरूको सहयोगका बाबजूद् आफ्नो शून्य बराबरको व्यक्तित्व लिएर बाँचेको समाजबाट विस्थापित र उपेक्षित लङ्गडामा स्वत्व अर्थात् अस्तित्वप्रतिको सजगता रहे पनि शारीरिक संरचना र समाजको नीच सोच एवं प्रवृत्तिका कारण प्रतिकार, विद्रोहमा असफलता र आवाजविहीन अवस्थाबाट गुज्रनु पर्ने सन्दर्भलाई उपन्यासमा चित्रण गरिएको छ । सामाजिक संस्कृति, संरचना, प्रवृत्ति तथा व्यवस्थाका कारण निरन्तर आफ्नो अस्तित्व रक्षाका लागि समाजसँग सङ्घर्ष गर्नुपर्ने एवं जीवन निर्वाहका लागि समाजमै निर्भर रहनु पर्ने

बाध्यताले आफ्ना आवाज र प्रतिकार अमूक रूपमा अभिव्यक्त गर्ने लङ्गडाको वर्गीय सचेतता र अस्तित्वमाथिको पटाक्षेप विरूद्ध विद्रोहको सङ्केत उपन्यासमा यसरी भएको छ :

> मानिसहरूले उसलाई लङ्गडा भनी उसका बिग्रेका अङ्गहरू देखाएर ठट्टा गर्थे जिस्क्याउँथे । कोही सुकिलो लुगा लगाएको हेर्दा भलादमी जस्तो भए लङ्गडा केही प्रतिवाद गर्दैनथ्यो केवल आफ्ना उपहास गर्नेको मुखमा निःसहाय भएर केही नभनी टुलुटुलु मात्र हेरिरहन्थ्यो । तर लङ्गडाको त्यो हेराइमा एउटा भयानक घृणा तथा प्रतिहिंसाको ज्वाला अङ्कित भएको हुन्थ्यो (बाङ्देल, ६) ।

समाजमा रहेका उच्चवर्गीय चरित्रका सामु नतमस्तक भएर बाँच्नु पर्ने बाध्यात्मक परिस्थितिमा सङ्घर्षपूर्ण जीवन जिउन सङ्घर्षरत व्यक्तिमा पनि आफ्नो अस्तित्व र आफ्नोपन तथा स्वयंलाई समाजको सदस्यका रूपमा स्थापित गराइ स्वअस्तित्व र जीवनप्रतिको आकांक्षा अक्षुण रहँदा रहँदै पनि प्रतिकार र प्रतिरोधको आवाजलाई दमन गरेर बाँच्नु पर्ने परिस्थितिको चित्रण यस सन्दर्भमा भएको छ । यसका अतिरिक्त समाजका कथित उपल्लो वर्ग तथा आफ्नै सजातीय वर्गले पनि विभेदकारी तथा अन्यायपूर्ण परिदृश्यलाई मूकदर्शक भएर हेर्ने र कुनै प्रतिकार नगर्ने प्रवृत्तिको पुनरावृत्तिले सामाजमा उच्चवर्गीयहरूको दबदबा र समाजमाथिको प्रभुत्व प्रमाणित हुन्छ भने कसरी प्रभुत्वका आडमा निर्धा, निमुखा, गरिब, उत्पीडित तथा आवाजविहीनको आवाज र अधिकारमाथि दमन गरिन्छ भन्ने वस्तुतथ्यलाई पुष्टि गर्ने पर्याप्त प्रमाण पुग्दछ ।

समाजमा रहेका उच्चवर्गीय भलादमीका अतिरिक्त पुँजीवादी/सामन्तवादी संस्कारबाट प्रशिक्षित तथा सुकिलो पहिरनको आवरणमा सामाजमा उत्पीडकका रूपमा स्थापित रहेका स्कूले केटा, नागरिक समाजका प्रतिनिधि (भलादमी), पुलिस, प्रशासनसमेतको प्रत्यक्ष संलग्नताको प्रस्तुति उपन्यासमा भएको छ । चौतर्फी रूपमा सामाजिक उत्पीडनबाट यथासक्य आफूलाई जोगाएर बाँच्नका लागि सहयोग गर्ने सत्चरित्रको उपस्थिति समाजमा रहे पनि तिनको पहुँच समाजको उपल्लो तहसम्म नहुनु तथा त्यो वर्गले बाँच्नका लागि सहयोग गर्ने प्रवृत्तिले सीमान्तीय वर्गको जीवन उच्चवर्गको उदारता र सहयोगबाट शासित रहेको सिद्ध हुन्छ । समाजमा हिंसा र उत्पीडनबाट मात्र नभई सहमतिबाट पनि प्रभुत्व सिर्जना हुने सन्दर्भलाई यसप्रकार प्रस्तुत गरिएको छ :

> यसरी घण्टौं त्यहाँ बसेपछि कहिले उसले बसेपछि कहिले उसले रोटीको टुक्रा वा मिठाई पाउँथ्यो कि ता उब्रेको भात, मासु र बासी तरकारी पाउँथ्यो । खानेकुरा पाएपछि लङ्गडा बडो प्रसन्न भएर दुबै हातले थापिकन कृतज्ञताको स्वरमा भन्थ्यो लौ हजुर गरिब गुरूवालाई दया गर्नु भयो (पूर्ववत्, पृ. १०)

वर्गीय चेतनाको सामान्य आभाष नभएको लङ्गडाले बाँच्ने आधार श्रमका रूपमा माग्ने पेशालाई अँगाल्नु पर्ने बाध्यात्मकता तथा तत्कालीन समयमा समाज र राज्यले असक्त, अपाङ्ग, सीमान्तीय वर्गका लागि सामाजिक सुरक्षा र संरक्षणको नीति अख्तियार नगर्दा सामान्य जीवनयापनकै लागि सामना गर्नुपर्ने उत्पीडन र हिंसाको मर्मस्पर्शी र कहालीलाग्दो अवस्थाले उपन्यासमा विशेष स्थान प्राप्त गरेको छ । यसका अतिरिक्त पुँजीवादी र परम्परागत सामन्तवादी ढङ्गले गतिशील समाज व्यवस्थाभित्र गरिब, शोषित, उत्पीडित, निर्धा, निमुखा र आवाजविहीनको अधिकार संरक्षण र स्थापित गर्नेतर्फको अग्रसरता त परै जाओस् अति सामान्य जीवनयापनका प्रक्रियामा समेत प्रहार गरी तिनको अस्तित्वलाई सङ्कटमा पार्ने प्रवृत्तिले प्रश्रय पाएको छ । समाजमा रहेका विभिन्न वर्गमध्ये सवर्गीय सङ्घर्षका रूपमा लङ्गडाको जीवनाधारलाई धाराशायी तुल्याउने आफ्नै वर्गको शोषणजन्य कृत्यको चित्रण गर्दै उपन्यासका निम्नलिखित सन्दर्भमा अभिव्यक्त भएको छ । "हिजो आफूले बाँधेर राखेको पैसाको उसलाई सम्झना भयो उसले हत्पत पोल्टो छाम्यो तर पोल्टाको लुगा र रूमाल पनि हराएछन् । राती सुत्ने बेलामा त्यो रूमाल पोल्टामा घुसारेर राखेको उसलाई राम्ररी सम्झना छँदै थियो" (पूर्ववत् पृ. ४०–४१) । समाजमा उपेक्षित वर्गको प्रतिनिधि जसमा जीवन बाँच्ने सन्दर्भमा आफ्नो अस्तित्वको सीमित आभाषबाहेक अन्य कुनै पनि वर्गीय

चेतना र आवाजको सचेतता परिकल्पना गर्न नसकिने निम्नवर्गीय व्यक्तिले आफ्नो अथक् श्रमबाट आर्जन गरेको न्यून पैसा लुटेर अनुदार देखिएको समाज व्यवस्था पुँजीवादी सामाजिक संरचनाबाट अनुप्रणित दुव्र्यसनी रहेको देखिन्छ । त्यसको प्रभावले सामाजिक संरचनाभित्र उत्पीडनको मारमा पर्ने महिला, ज्येष्ठ नागरिक, प्रतिकार गर्न नसक्ने तल्लो वर्ग र जातका नागरिक, अपाङ्ग आदिको साझा चरित्रका रूपमा लङ्गडाको भूमिका सीमान्तीय चरित्रकै रूपमा स्थापित भएको छ ।

प्रस्तुत उपन्यासमा शारीरिक अपाङ्गता, श्रमसामथ्र्यबाट विमुखता, चरम विपन्नताका कारण अस्तित्वहीन जीवन, असमान सामाजिक संरचना, सामाजिक व्यवस्था र समाजका सदस्यसँगको दबाबमूलक र सहमतीय दुवै प्रकृतिका सङ्घर्ष गरी आफ्नो अस्तित्व र बाँच्ने इच्छालाई जीवन्त राख्न लङ्गडाका लागि कष्टसाध्य र चुनौतिपूर्ण देखिएको छ । यति मात्र नभई समाज, सामाजिक व्यवस्था, व्यक्तिगत/वर्गीय अस्तित्व र न्यायलाई समान रूपले कार्यान्वियन गराउन राज्य नियन्त्रित निकायका प्रतिनिधि, प्रशासन, पुलिसले पनि आधारभूत न्यायिक व्यवस्था कायम नगरी उच्चवर्गीय समाजको कठपुतलीका रूपमा उभिँदा निर्धा निमुखामाथि परिलक्षियत कृत्रिम आतङ्क र उत्पीडित तुल्याउने प्रवृत्तिले आवाजविहीनको आवाज बन्दप्रायः बन्न पुगेको पक्ष उपन्यासका निम्नलिखित प्रसङ्गले पुष्टि गर्दछन् । "एउटा पुलिस माथिबाट आउन लागेको रहेछ पुलिसलाई देख्नासाथ ऊ झस्क्यो ऊ भित्तपट्टी टाँसियो र सास रोकेर बसिरह्यो । उसको मुटु ढुक्ढुक गर्न थाल्यो । उसका दुवै आँखा चञ्चल भई उठे उसका दुबै कानले जुत्ताको त्यो भद्दा आवाजलाई अनुशरण गरिरहेका थिए" (पूर्ववत्, ५०) । नागरिक समाजको प्रत्यक्ष समर्थन प्राप्त उच्चवर्गीयको प्रभुत्वकै पृष्ठपोषण गर्ने राज्य, कानुन र समाजका पहरेदार सीमान्तीय वर्गमाथिको उत्पीडन, दमन र अत्याचारलाई निरूत्साहित गरी न्याय दिनुपर्ने स्थितिका विपरीत उपल्लो वर्गकै प्रभुत्वको पिछलग्गु भई अल्पसङ्ख्यक निम्नवर्गमाथि दमन र उत्पीडनका लागि अग्रसर बनेको छ ।

प्रस्तुत उपन्यासमा पुँजीवादी समाजव्यवस्थाका कारण समाजमा उच्चपदस्थ अधिकारीका साथै कानुनी रूपमा समाजको माथिल्लो निकायमा रहेका व्यक्ति र समुदाय नै सीमान्त समुदायप्रति अनुदार रहेको छ । प्रशासन, पुलिस, नागरिक समाज तथा कतिपय अवस्थामा आफ्नै सवर्गीय समाजसँगको निरन्तरको सङ्घर्षको प्रस्तुतिमा उपन्यासकार सफल देखिन्छन् । समाजका कथित उपल्लो वर्गको प्रतिनिधिले निम्न वर्गलाई बहिष्कार, हिंसा, घात, घृणा र तिरस्कारका अतिरिक्त अमानवीय रूपमा शारीरिक यातना दिई मरणासन्न तुल्याउने मात्र नभई मृत्योन्मुख गराई बाँच्न पाउने अधिकारबाट समेत वञ्चित गर्दै सीमान्तीयको आवाजलाई पूर्णविराम लगाउने सम्मका क्रियाकलापमा नागरिक समाजको मौन समर्थन देखिन्छ । उच्चवर्गको रौरवको शिकार भएका निम्नवर्गको दुर्दान्त अन्त्यको सन्दर्भ उपन्यासको निम्न कथ्यमा समावेश भएको सन्देश हो । "त्यसले आफ्नो बलियो पाखुराले लङ्गडालाई हातबाट तानेर घसार्दै वर ल्यायो र सिंढीओह्लो मुन्ट्याइदियो" (पूर्ववत्, ७३) । पुँजीवादी संस्कृतिले निर्माण गरेको अस्वस्थ सामाजिक व्यवस्था र त्यसको परिणामबाट सृजित अस्वस्थ र विषम परिस्थितिमा दबिएर वा जबरजस्ती दबाइएर जीवन बाँच्ने र जीवन उत्सर्ग गर्न बाध्य भएका वा पारिएका निम्नवर्गको आवाजविहीन र शून्य अस्तित्वको दुर्दान्त परिणतिको सर्थक अवस्थाको विवेचनाका लागि पर्याप्त प्रमाण पुग्दछ ।

असन्तुलित सामाजिक संरचनामा उच्चवर्गीयको बोलवाला र तिनको कोपभाजनमा दबिएर निम्नवर्गीय आधार भएका वर्ग/समूदायको कष्टप्रद सङ्घर्षका बाबजूद् अस्तित्वविहीन बनाइने सामाजिक प्रक्रियाको प्रायोगिक प्रतिबिम्बनका रूपमा लङ्गडाको मृत्युलाई लिन सकिन्छ । उपन्यासकारले कुनै पनि व्यक्ति/वर्ग/समूह/समूदायमाथि उपल्लो वर्गद्वारा लादिएका बाध्यकारी व्यवस्थाका परिधिमा बाँच्नु र मर्नु पर्ने तथा उपल्लो वर्गको प्रभुत्वबाट निर्मित समाज र राज्य व्यवस्थाले कसरी निम्नवर्गीय निर्धा, निमुखा, गरिब, असहाय र आवाजविहीनको सिङ्गो जीवनपद्धतिलाई अस्तित्वशाली र सामाजिक चरित्रका रूपमा स्वीकार नगरी अस्तित्वहीन वस्तुका रूपमा परिभाषित र व्यवहृत गर्दछ भन्ने समाजमा विद्यमान असमानता

र उत्पीडनको यथार्थ चित्रलाई उपन्यासमा उतारेका छन् । सामाजिक निर्मितिमा वर्गीयताका दृष्टिले सीमान्त चरित्रको प्रतिनिधित्व र त्यसको सत्तासँग सम्बन्धित विषयको अभिव्यञ्जना गरिएको *लङ्गडाको साथी* उपन्यासमा जातीय रूपमा उपेक्षित समूहको प्रतिनिधि चरित्रको भूमिका पनि अध्ययनीय विषय रहेको छ ।

**_लङ्गडाको साथी_ उपन्यासमा जातीय सीमान्तीयता**

प्रस्तुत *लङ्गडाको साथी* उपन्यासमा जातीय विभेदको घटनालाई प्रत्यक्ष देखाउने, ती घटनाको पुष्टि गर्ने तथा जातीय विभेदबाट सृजित सामाजिक अव्यवस्थालाई रेखाङ्कन गरी उत्पीडन र सीमान्तीयतालाई प्रमाणित गर्ने दृश्यात्मक आरेख प्रत्यक्षतः साक्षात्कार छैन । उपन्यासमा चित्रण गरिएका विभिन्न घटनाक्रम र सन्दर्भहरूले परम्परागत जातीय संरचनाबाट सृजित सीमान्तीयतालाई पुष्टि गर्ने पर्याप्त आधार प्रस्तुत गरेको छ । सामन्तवादी सामाजिक संरचनाभित्र अध्यात्मवाद प्रणित समाज व्यवस्था तथा त्यसको प्रभावका आधारमा विभाजित जाति व्यवस्थाभन्दा फरक रूपमा समाजको अभिजात वर्गले निम्नवर्गका व्यक्तिमाथि गरिने अछूत व्यवहारबाट भने उपन्यासका घटनाक्रम र विषयले पार पाएका छैनन् । समाजमा आफ्नो शून्यप्रायः व्यक्तित्व र अस्तित्वको संरक्षण गर्दै जीवन निर्वाहका लागि सङ्घर्षरत लङ्गडा परम्परागत विभाजनअनुसार जाति यही हो भनी निर्धारित नरहे पनि सामाजिक मूल्यका दृष्टिले उसप्रति गरिएका निषेध, विभेद, उत्पीडन र अछूत व्यवहारले नीचो जातिको पात्रका रूपमा सूचीकृत छ । लङ्गडाको छेउमा कुनै पनि व्यक्ति नजानु, ऊसँगको सामाजिक व्यवहारमा समाजका सबै तह र तप्काका व्यक्ति र समूदायले हिंसा र तिरस्कारका दृष्टिले हेर्नु तथा सामाजिक दृष्टिले बहिस्कृत प्रायः लङ्गडाले कुनै पनि मान्छेलाई सहयात्रीका रूपमा नपाई मानवेतर कुकुरलाई साथीको रूपमा चयन गर्नुजस्ता सन्दर्भले सिङ्गो उपन्यासमा लङ्गडाको स्थान र पहिचान समाजले नीचजातिमा परिभाषित गरेको अछूतकै स्थानमा रहेको यथार्थ उद्बोधन हुन्छ ।

सामन्तवादी/पुँजीवादी सामाजिक संरचनाबाट सृजित असमान जाति व्यवस्थाका कारण निम्नवर्गीय निमुखा, असहाय, अपाङ्गमाथि तिनको आर्थिक पृष्ठभूमिलाई नै आधार मानी गरिएको विभेदले लङ्गडाको जातिलाई निम्नकोटिको अछूतका स्थानमा उभ्याएको छ । असमान सामाजिक संरचना र त्यसबाट सृजित वर्गीय सीमाको विषमतामा जेलिएको सामाजिक चरित्रका कारण आफ्नो व्यक्तित्व र सङ्कटापन्न अस्तित्वका बीचमा आफू अस्तित्वका लागि सजग रहँदारहँदै पनि सङ्घर्ष गर्न नसक्ने लङ्गडाको अवस्थालाई चित्रण गर्दै उपन्यासकार लेख्दछन् : ‘‘परन्तु त्यो भलादमी थियो । त्योसित सुन्दर स्वास्थ थियो । त्योसित पैसा थियो । अनि लङ्गडा थियो पङ्गु सडकको माग्ने । भिन्नता त्यसैमा थियो पूर्ववत्, पृ. ५४’’ । समाजका उच्चवर्गीयको दबदबा र त्यस पृष्ठभूमिमा जीवन बाँच्नकै लागि सङ्घर्षरत अल्पसङ्ख्यक वर्गको अस्तित्व र मूल्यहीन जीवनपद्धति र आवाजविहीन जीवनयात्राको वास्तविकताको स्पष्ट चित्र उपन्यासमा पाइन्छ ।

समाजमा विद्यमान रहेको परम्परागत रूढिग्रस्त सामन्तवादी संस्कार र त्यसबाट नियन्त्रित व्यवस्थाले न्याय गर्न नसेकेका सीमान्तकृत वर्गको पहिचान र आवाज समाजका उच्चवर्गसम्म पुऱ्याउन त परै जाओस् तिनै समाजका पुँजीपति र सामन्तीको कोपभाजनबाट मुक्ति नपाई उत्पीडनकै मारमा परी जीवन गुमाउनु पर्ने सम्मको अवस्थामा पुग्ने असङ्ख्य आवाजविहीनको प्रतिनिधि चरित्रका रूपमा लङ्गडाले ठोस व्यक्तित्व पाएको छ । यतिमात्र होइन समाजको उच्च जातबाट उत्पीडित र सीमान्तीय बनाइएको लङ्गडो नगण्य घटनाका बाबजूद् आफ्नै सजातीयहरूबाट पनि थप उत्पीडित र प्रताडित रहेको छ । श्रम र श्रमकार्यकै आधारमा उच्च र नीच जातिमा विभाजित हुने सामाजिक व्यवस्थाले समाजका तल्लो जाति मानिएका अल्पसङ्ख्यक र सीमान्तीकृत वर्गका रूपमा रहने कुल्ली, दरबान, घरेलु कामदार (लङ्गडा पहिला घरेलु कामदारका रूपमा रही लङ्गडा भएपछि उच्चजातीय कोपभाजनमा परी मागेर जीवन बाँच्न बाध्य पारिएको चरित्र हो ।) तथा विभिन्न क्षेत्रमा मजदुरी गरी जीवन निर्वाह गर्ने समूदायलाई नीच देखाउने तथा ती वर्गको संसर्गले आफ्नो सामाजिक व्यक्तित्व नष्ट हुने निम्नस्तरको सोचले समाजका अल्पसङ्ख्यकले कि जीवन त्याग्नुपर्ने, कि आवाजविहीन भएर बस्नुपर्ने वा समाजबाट पलायन हुनुपर्ने यथार्थतर्फ उन्यासकारले सङ्केत गरेका छन् ।

**_लङ्गडाको साथी_ उपन्यासमा लिङ्गीय सीमान्तीयता**

परम्परागत असमान र विभेदपूर्ण सामाजिक संरचना र व्यवस्थाभित्र निम्नवर्गीय चरित्रको स्थान स्वभावत उत्पीडित र सीमान्तीय रहने गर्दछ । यस उपन्यासमा सीमान्तीय चरित्रका रूपमा प्रस्तुत गरिएको लङ्गडा समाजको अल्पसङ्ख्यक उत्पीडित पात्रका रूपमा विश्लेषित पुरूष पात्र रहेको छ । सीमान्तीयताका दृष्टिले पुरूषप्रधान समाजमा पुरूषको वर्चश्व रही उत्पीडन र शोषणको मारमा रहेका महिलाको अवस्थालाई अध्ययन गरिनु पर्ने प्रावधानका विपरीत यो उपन्यासमा नारीको उत्पीडित जीवनका तुलनामा अझ कठोर, अस्तित्वहीन र उपेक्षित जीवन बाँचेको पुरूष पात्रको अध्ययन गर्नु समीचिन ठहर्दछ । उपन्यासकारले सामाजिक संरचनामा उत्पीडनको चरम मारमा परेको पुरूष पात्रका माध्यमबाट लैङ्गिक सीमान्तीयतालाई प्रष्ट पार्ने प्रयास गरेका छन् । आफ्नो जीवनको पूर्वाद्ध पुरूषप्रधान समाजका भलादमीकै सेवा र सानिध्यमा बिताएको लङ्गडाको परिचय दिंदै उपन्यासकार लेख्दछन् : “अनि त्यसैको छेउमा एकजना मानिस पनि आफ्नो बोरा थाङ्नामा गुटुमुटु भएर एकडल्लो परी निर्विकार अवस्थामा सुतिरहेको थियो (पूर्ववत्, ४)” । समाजमा उपयोगी सिद्ध रहुञ्जेल मान्छेलाई वस्तुका रूपमा उपयोग गर्ने तथा आफूलाई उपयोगी हुने नदेखेपछि तिनको परिहार गर्ने उच्चवर्गीय चिन्तन र प्रवृत्तिका पृष्ठपोषक कथित उच्चवर्गको उत्पीडक मानसिकता र कृत्यका परिणामस्वरूप अपाङ्ग भएपछि साहूको घरबाट लङ्गडाको बहिर्गमन भएपछाडिको अस्तित्वहीन कष्टकर जीवनको परिणतिलाई प्रस्तुत गरिनु तत्कालीन समयका नेपाली नारीको जीवनशैलीभन्दा थप उत्पीडित र आवाजविहीन तुल्याइएको पर्याप्त प्रमाण पुग्दछ ।

जीवनको पूर्वाद्धमा श्रमशोषणको चरम मारमा परेको लङ्गडालाई भीरबाट खसेपछि सामान्य उपचार गरी न्यूनतम बाँच्ने आधार दिन नसक्ने समाजका सम्भ्रन्तवर्गले उपेक्षित जीवन बाँच्नका लागि आधारभूत आवश्यकताका न्यून पूर्वाधार बिना मागी खानका लागि बाध्य बनाएको छ । यसका अतिरिक्त मागेर खान विवश व्यक्तिलाई तिरस्कार, घृणाका साथै मान्छेका रूपमा समेत स्वीकार नगर्ने रूढ  सामाजिक सोचले उसको अस्तित्व र आवाजको कुरा त परै जाओस् बाँच्नसमेत नदिने घटनाले समाजमा कसरी उत्पीडितको आवाजलाई गैरन्यायिक रूपमा दमन गरी तिनको अस्तित्व समाप्त पारिन्छ भन्ने यथार्थको उद्घोधन उपन्यासमा भएको छ । निष्कर्षतः यस उपन्यासको प्रमुख पात्र लङ्गडा परम्परानिष्ठ पुरूषप्रधान सामाजिक संरचनाभित्र आवाजविहीन तुल्याइएका नारीको जीवन पक्षका तुलनामा अझ कष्टकर जीवन बाँच्न बाध्य र विवश तुल्याइएको चरित्र हो । समग्रमा निम्नवर्गीय, निम्नजातीय र नेपाली आवाजविहीन नेपाली नारीका तुलनामा अपेक्षाकृत निम्नस्तरको सीमान्तीय चरित्रका रूपमा लङ्गडा उभिएको छ ।

**निष्कर्ष**

नेपाली उपन्यास परम्परामा लैनसिंह वाङ्देल यथार्थवादी उपन्यासकारका रूपमा परिचित छन् । उनका कृतिको अन्तर्वस्तु प्रबासी नेपाली जनजीवन र जनजीविकासँग सम्बन्धित रहेको छ । उनको *लङ्गडाको साथी* उपन्यासमा समाजमा उत्पीडित र उपेक्षित समुदायको प्रतिनिधित्व गर्ने वञ्चितीकरणमा परेको पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ । उपन्यासको शीर्षक र तदनुरूपको वस्तुविधानको अभिव्यञ्जना गरिएको यस कृतिको विषय, पात्र र परिवेश नै सीमान्तीय रहेको छ । सामाजिक निर्मितिमा उपेक्षित, अल्पसङ्ख्यक र पिछडिएको समूहको प्रतिनिधित्व गर्ने लङ्गडा वर्गीय दृष्टिमा समाज, संस्कृति र विचारधाराका दृष्टिमा ओझेलमा परेको चरित्र हो र समाजमा आफ्नो पहिचानबाट समेत वञ्चित रहेको यस पात्रको भूमिका उपन्यासमा प्रमुख रहे सामाजिक दृष्टिमा उसको कुनै प्रतिनिधित्व देखिँदैन । पुँजीवादी समाजव्यवस्थामा कर्मविशीन भएर बाँच्ने लङ्गडा वर्गीय दृष्टि र सम्बन्धका आधारमा आफ्नै पम्रहबाट उत्पीडित चरित्र हो । आफूलाई समाज र सामाजिक उपेक्षाबाट बचाउनका लागि सङ्घर्ष गरे पनि निष्फल बनेको लङ्गडा सीमित वर्गीय सहानुभूतिका कारण बाँचे पनि उसको सामाजिक

पहिचान र उपस्थिति सीमान्तीय छ । आफ्नो आधारभूत पहिचान स्थापित गर्न नसक्ने क्षमताविहीन पात्रका रूपमा लङ्गडाको उत्तराद्र्ध जीवनको चित्रण गरिएको *लङ्गडाको साथी* उपन्यास वर्गीय दृष्टिमा पुँजीवादी संस्कृति र त्यसले सिर्जना गरेको कृत्रिम भौतिकताको दमनमा परेको पात्रको पहिचानविहीन यथार्थको अभिव्यञ्जना गरिएको उपन्यास हो ।

प्रस्तुत *लङ्गडाको साथी* उपन्यासमा पुँजीवादी समाजमा निम्नवर्गमाथि गरिने दमनकै तुलनीय उच्चजातीय दमनका कारण पहिचानविहीन बनेको जातीय निर्मितिको चित्रण भएको छ । समाजमा सर्वपक्षीय रूपमा अपमानित भई आफ्नो जीवनका लागि सङ्घर्ष गर्ने लङ्गडालाई कथित निचजातिका रूपमा गरिने व्यवहारकै तुलनीय छोइछिटो गरिनु तथा उसको छेउमा जानसमेत त्रस्त बनेको सामाजिक निर्मितिको चित्रण गरिएको यस उपन्यासमा जातीय सम्बन्धको प्रत्यक्ष प्रस्तुति नभए पनि प्रमुख पात्रमाथि भएको विभेदकारी व्यवहार र त्यसको निर्मिति जातीय सीमान्तीयता सिर्जना गर्ने कारक बनेको छ । यस उपन्यासका पितृसत्तामा पुरुष वर्चस्वका सामू निरीह नारीभूमिका भन्दा पनि कमजोर चरित्रका रूपमा लङ्गडालाई प्रस्तुत गरिएको छ । पितृसत्तात्मक समाजमा पुरुषले भोग्ने वस्तुका रूपमा नारीलाई स्थान दिइए पनि लङ्गडाको थातबाससमेत खोसी मृत्योन्मुख तुल्याउने निर्मिति उपेक्षित र विभेदीकृत नारीको भन्दा पनि विभत्स रहेको छ । सामाजिक संरचनागत सीमान्तीयताका दृष्टिले नेपाली समाज त्यसमा पनि विशेषतः प्रबासी नेपालीको जीवनमा आधाररित प्रस्तुत उपन्यास सीमान्तीय विषय, पात्र, सांस्कृतिकता तथा सामाजिक निर्मितिको चित्रण भएको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

## सन्दर्भसामग्री


उप्रेती, सञ्जीव (२०६९). *सिद्धान्तका कुरा* (चौथो संस्क.), अक्षर क्रियसन नेपाल ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र*, साझा प्रकाशन ।

बराल, ऋषिराज (२०७३). *मार्क्सवाद र सबाल्टर्न अध्ययन*, साझा प्रकाशन ।

बाङ्देल, लैनसिंह (२०५०). *लङ्गडाको साथी*, दो. सं., रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद (२०७०). 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्त'. *भृकुटी*, पूर्णाङ्क १९, पृ. ३१५–३२५ ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ*, भुँडीपुराण प्रकाशन ।

शर्मा, मोहनराज (२०७०). 'अवरजन अध्ययन र साहित्य', *भृकुटी*, पूर्णाङ्क १९, पृ ३१४–३२४ ।

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति, श्रष्टा र सबाल्टर्न*, डिस्कोर्स पब्लिकेसन ।

सुवेदी, राजेन्द्र (२०७३), *सांस्कृतिक अध्ययन र नेपाली साहित्य*, पाठ्यसामग्री प्रकाशन ।

सुब्बा मनप्रसाद र रेमिका थापा (सम्पा.) (सन् २०११). *किनारा विमर्श*, गामा प्रकाशन ।

Guha, Ranajit (1997). *A Subaltern Studies Reader,* University of Minnesota Press.

Lauwers, K., Sami Suodenjoki, and Marnix Beyen ( 2023). *Subaltern Political Subjectivities and Practices in the Nineteenth and Twentieth Centuries: Between Loyalty and Resistance,* Routledge.

Mannathukkaren, Nissim ( 2022 ). *Communism, Subalturn Studies and Postcolonial Theory,* Routledge.

Pandey, Gyanendra (2006 ) "The Subaltern as a Subaltern Citizen," *Economic and Political Weekly* Vol. 41(46), 4735 –4738.

"Subaltern." *Vocabulary.comDictionary,* Vocabulary.com, https://www.vocabulary.com/dictionary/subaltern. Accessed 12 Nov. 2023.